**बेनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बेनी, म्याग्दी**

**आर्थिक वर्ष २०८२।८३ को सातौं कार्यपालिका बैठकका निर्णयहरु**

*(मितिः २०८२।०९।१३ गते)*

**प्रस्तावहरुः**

1. **बेनी नगरपालिकाको विनियोजन (पहिलो संशोधन) विधेयक, २०८२ सम्बन्धमा ।**
2. **संशोधन तथा थप गर्नुपर्ने योजना तथा कार्यक्रम सम्बन्धमा ।**
3. **बेनी नगरपालिकाको शिक्षा (पहिलो संशोधन) विधेयक, २०८२ सम्बन्धमा ।**
4. **बेरुजु नियमित गर्ने सम्बन्धमा ।**
5. **विविध सम्बन्धमा ।**

**निर्णयहरुः**

**निर्णय नं. १**

बेनी नगरपालिकाको विनियोजन (पहिलो संशोधन) विधेयक, २०८२ स्वीकृत गरी छलफल तथा पारित गर्नका लागि नगर सभामा पेश गर्ने ।

**निर्णय नं. २**

बजेट संशोधन भए अनुसार थप हुने अनुसूची-१ बमोजिमका योजना तथा कार्यक्रमहरु स्वीकृत गरी छलफल तथा पारित गर्नका लागि नगर सभामा पेश गर्ने । साथै संशोधनको लागि पेश भएका अनुसूची-२ बमोजिमका वडा र नगर कार्यपालिकातर्फका योजना तथा कार्यक्रमहरु पेश भए बमोमिज स्वीकृत गरी छलफल तथा पारित गर्नका लागि नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ३**

बेनी नगरपालिकाको शिक्षा (पहिलो संशोधन) विधेयक, २०८२ स्वीकृत गरी छलफल तथा पारित गर्नका लागि नगर सभामा पेश गर्ने ।

**निर्णय नं. ४**

विभिन्न आर्थिक वर्षमा कायम भएको नियमित गर्नुपर्ने बेरुजुमध्ये लेखा समितिले तयार पारेको अनुसूची-३ मा संलग्न गरिएको विवरण बमोजिमको २ करोड ४ लाख १५ हजार २ सय १ रुपैया र पैसा ३० मात्र बेरुजु नियमित गर्न सभामा पेश गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

**निर्णय नं. ५**

सिंगा स्वास्थ्य चौकीमा अ.हे.व. पदमा कार्यरत स्वास्थ्यकर्मी श्री सन्ध्या शर्माको राजीनामा स्वीकृत भएकोले निजले नियमानुसार पाउनुपर्ने सुविधा बेनी नगरपालिकाको कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउन निर्णयार्थ नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ६**

बेनी नगरपालिकामा स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत श्री चन्दन सुवेदीले Masters of Public Health/MMs Public Health कार्यक्रममा सहभागी हुनका लागि अध्ययन पूर्वस्वीकृतिको लागि निवेदन पेश गर्नु भएको तथा निज अध्ययन विदामा जानका लागि आवश्यक योग्यता पूरा भएको देखिन आएकोले गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ बमोजिम निज चन्दन सुवेदीलाई अध्ययनको पूर्वस्वीकृति प्रदान गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३